नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
(सम्पत्ति विवरण तथा अनुगमन शाखा)

फोन नं. :४२००-५४९, ४२००-४१२
हटलाइन : ४२००-३४५
फ्याक्स : ४२००४००
इमेल : nvcsampati@gmail.com
वेवपेज : www.nvc.gov.np

प.सं. : २०८३/०८४
च.नं. स.वि. ११/०१

मिति :- २०८३।०४।०१

**विषय:- वेवपेजमा सूचना राखिदिने बारे।**

श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत विषयमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० मा सार्वजनिक संस्थाको पदमा वहाल रहेको व्यक्तिले सम्पत्ति विवरण बुझाउनु पर्ने व्यवस्था भएको र सोही ऐनको दफा ३८ मा "कुनै राष्ट्रसेवकले यस ऐन वा प्रचलित कानुन बमोजिम पेश गरेको सम्पत्ति बिबरण र आयको अनुगमन गर्ने" कार्य राष्ट्रिय सतर्कता केन्द्रलाई प्रदान गरेको छ । उल्लिखित व्यवस्था वमोजिम यस केन्द्रले प्रत्येक आर्थिक वर्षमा सम्पत्ति विवरण अनुगमन प्रतिवेदन तयार गरी कारवाहीका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा पठाउँदै आएको छ । प्रत्येक आर्थिक वर्षमा सम्पत्ति विवरण पेश नगर्ने पदाधिकारी र कर्मचारीहरूको सङ्ख्या घट्दै गइरहेको विगतका प्रतिवेदनले देखाएको छ।

यसै सन्दर्भमा आ.व.२०८२/८३ को सम्पत्ति विवरण बुझाउने र यस केन्द्रलाई जानकारी दिने सम्बन्धी यसैसाथ संलग्न दुई पानाको सूचना तहाँ मन्त्रालयको वेवपेजमा राखिदिने व्यवस्था हुन निर्णयानुसार अनुरोध छ।

(यमुना सापकोटा भुसाल)
उपसचिव

सम्पत्ति विवरण समय मै बुझाऔं दण्ड जरिवानावाट बचौं ।

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेवपेज : www.nvc.gov.np
वेवपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

## आ.व.२०८२/८३ को सम्पत्ति विवरण बुझाउने र केन्द्रलाई अनलाइन सफ्टवेयर मार्फत् जानकारी दिने सम्बन्धी अत्यन्त जरूरी सूचना

(निजामती, स्थायी शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल वाहेकका पदाधिकारी/कर्मचारीहरू)

(प्रकाशन मिति : मिति २०८३/०४/०१ गते)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सो ऐनको "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८२/८३ को सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, आषाढ २० गते २०७५ साल (अतिरिक्ताङ्क ११) मा तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा भरी बुझाई देहाय अनुसार हुन अनुरोध छ :-

क) ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८२/८३ को सम्पत्ति विवरण मिति २०८३/०४/०१ गतेदेखि मिति २०८३/०५/२९ गतेभित्र तोकिएको निकायमा प्राप्त हुनेगरी बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ। कानुन बमोजिमको विशेष परिस्थितिको अवस्था वाहेक उक्त मितिभन्दा पछि प्राप्त सम्पत्ति विवरणलाई नबुझाएको सरह मानी अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ।

ख) आ.व.२०८२/८३ मा नयाँ मनोनयन/नियुक्ति भई ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले उक्त पद धारण गरेको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्दछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको **सुरू नियुक्ति सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

ग) आ.व.२०८१/८२ को सम्पत्ति विवरण नबुझाई सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पत्र लेखी आएका व्यक्ति तथा राष्ट्रसेवकले दश हजार रुपियाँ (रु.१००००।-) जरिमाना तिरी तोकिएको निकायमा उक्त आ.व.को समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ । यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको **जरिमाना तिरी सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

नेपाल सरकार
राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेबपेज : www.nvc.gov.np
वेबपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

# आ.व.२०८२/८३ को सम्पत्ति विवरण बुझाउने र केन्द्रलाई अनलाइन सफ्टवेयर मार्फत् जानकारी दिने सम्बन्धी अत्यन्त जरूरी सूचना

(निजामती, स्थायी शिक्षक, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, नेपाल वाहेकका पदाधिकारी/कर्मचारीहरू)

(प्रकाशन मिति : मिति २०८३/०४/०१ गते)

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) मा सो ऐनको "दफा २ को खण्ड (ग) को उपखण्ड (१), (२), (३), (४), (५), (६) वा (९) बमोजिमका सार्वजनिक संस्थाको कुनै पदमा बहाल रहेका व्यक्ति वा सोही दफाको खण्ड (घ) को उपखण्ड (१), (२), (३) वा (४) बमोजिमका राष्ट्रसेवकले त्यस्तो पद धारण गरेको मितिले र यो दफा प्रारम्भ हुँदाका बखत सार्वजनिक पदमा बहाल रहेका व्यक्तिले यो ऐन प्रारम्भ भएको मितिले साठी दिनभित्र र त्यसपछि हरेक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पत्तिको स्रोत वा निस्सा सहितको अद्यावधिक विवरण नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोकेको निकाय वा अधिकारी समक्ष पेश गर्नुपर्नेछ" भन्ने व्यवस्था भएको हुँदा सार्वजनिक पद धारण गरेका व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८२/८३ को सम्पत्ति विवरण नेपाल सरकारले नेपाल राजपत्र भाग ५ खण्ड ६८, आषाढ २० गते २०७५ साल (अतिरिक्ताङ्क ११) मा तोकेको निकाय वा अधिकारी समक्ष तोकिएको ढाँचामा भरी बुझाई देहाय अनुसार हुन अनुरोध छ :-

क) ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले आ.व.२०८२/८३ को सम्पत्ति विवरण मिति २०८३/०४/०१ गतेदेखि मिति २०८३/०५/२९ गतेभित्र तोकिएको निकायमा प्राप्त हुनेगरी बुझाउनु पर्नेछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ। कानुन बमोजिमको विशेष परिस्थितिको अवस्था वाहेक उक्त मितिभन्दा पछि प्राप्त सम्पत्ति विवरणलाई नबुझाएको सरह मानी अनलाइन सफ्टवेयरमा प्रविष्ट गर्नुपर्नेछ।

ख) आ.व.२०८२/८३ मा नयाँ मनोनयन/नियुक्ति भई ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले उक्त पद धारण गरेको मितिले साठी दिनभित्र सम्पत्ति विवरण बुझाउनु पर्दछ। यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको **सुरू नियुक्ति सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

ग) आ.व.२०८१/८२ को सम्पत्ति विवरण नबुझाई सम्मानित अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट पत्र लेखी आएका व्यक्ति तथा राष्ट्रसेवकले दश हजार रुपियाँ (रु.१००००।-) जरिमाना तिरी तोकिएको निकायमा उक्त आ.व.को समेत सम्पत्ति विवरण बुझाउनु पर्नेछ । यसरी प्राप्त सम्पत्ति विवरणसम्बन्धी तथ्याङ्क सम्बन्धित निकायले अनिवार्य रूपमा केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरको **जरिमाना तिरी सम्पत्ति विवरण** भन्ने कोलममा गई प्रविष्ट गर्नुपर्नेछ।

SUCHANA: SAMPATIBIBARAN 2077/78:EDRIVE:RPACHARYAs

फोन नं.०१-४२००४१२, ४२००५४९
हटलाइन : ४२००३४५
वेवपेज : www.nvc.gov.np
वेवपेज (सम्पत्ति विवरण) : bibaran.nvc.gov.np

नेपाल सरकार
# राष्ट्रिय सतर्कता केन्द्र
सिंहदरबार, काठमाडौं

घ) संघीय एवं प्रदेश तहमा ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको **Hardcopy** र **Softcopy** सहितको अभिलेखको जानकारी सम्पत्ति विवरण राखेको निकायले सम्पत्ति विवरण बुझाउन तोकेको अन्तिम म्याद **सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ।**

ङ) जिल्ला समन्वय समिति, गाउँपालिका, नगरपालिकामा पेश भएका सम्पत्ति विवरणहरूको अभिलेख तत् तत् निकायले राखी सो को विवरण केन्द्रद्वारा सञ्चालित अनलाइन सफ्टवेयरमा इन्ट्री गर्ने र सम्पत्ति विवरणका बन्दी खामहरू सम्पत्ति विवरण वुझाउन तोकेको अन्तिम म्याद सकेको तीस दिनभित्र अनिवार्य रुपमा सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा बुझाउनु पर्नेछ र सम्बन्धित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले सम्पत्ति विवरण बुझाए/नबुझाएको **Hardcopy** र **Softcopy** सहितको अभिलेखको जानकारी **सम्पत्ति विवरण वुझाउन तोकेको अन्तिम म्याद सकेको दुई महिनाभित्र अनिवार्य रुपमा राष्ट्रिय सतर्कता केन्द्रमा छिटो साधनद्वारा उपलब्ध गराउनु पर्नेछ।** साथै त्यस्ता सम्पत्ति विवरण प्रदेश सरकारले संरक्षण र व्यवस्थापन गर्नुपर्नेछ।

च) ऐन बमोजिम सम्पत्ति विवरण बुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले बुझाउनु पर्ने सम्पत्ति विवरण समयमै बुझाउन लगाउने, बुझाएका सम्पत्ति विवरण तोकिएको निकायमा तोकिएको समय सिमाभित्र पुगिसक्ने गरी पठाउने र नबुझाउने व्यक्ति तथा राष्ट्रसेवकको विवरण (नाम, पद र कार्यरत कार्यालयसहितको सम्पर्क गर्न सकिने ठेगाना) उपलव्ध गराउने जिम्मेवारी र कर्तव्य सम्बन्धित निकायको प्रमुखको हुनेछ।

माथि उल्लिखित राजपत्र एवं अन्य सम्बन्धित सूचना केन्द्रको वेवसाइट **www.nvc.gov.np** मा राखिएको छ । ऐन बमोजिम सम्पत्ति विवरण वुझाउनुपर्ने व्यक्ति तथा राष्ट्रसेवकले तोकिएको समयभित्र सम्पत्ति विवरण नबुझाएमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (३) बमोजिम कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाइने व्यहोरा समेत सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।